# कर्णाली प्रदेश बिजनेस इन्क्युवेसन सेन्टर स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना:** नवीन तथा सिर्जनशील सोचको आधारमा उद्यम गर्न चाहने नवउद्यमी एवम् गतिप्रदायकलाई उद्यम, उद्यमशीलताको विकास तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न, सम्भाव्यता बोकेका स्टार्ट-अपलाई व्यवसायिक योजना, प्रविधि र बजार पहुँचमा सहयोग पुऱ्याई सफल र दिगो बनाउँदै रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन आवश्यक प्रशिक्षण, परामर्श एवम् उद्यमशीलता पर्यावरणसँग सम्बन्धित सेवा उपलब्ध गराउन तथा सो कार्यका लागि सरकार, विश्वविद्यालय र निजी क्षेत्रका संघ संस्थासँगको सहकार्य तथा साझेदारीमा कर्णाली प्रदेश बिजनेश इन्क्युबेसन सेन्टर स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६१ को उपदफा (३) बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश बिजनेस इन्क्युवेसन सेन्टर स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यम" भन्नाले ज्ञान, सीप, पूँजी, प्रविधि र साधनको प्रयोग गरी नवप्रवर्तनकारी उच्च वृद्धिको वस्तु वा सेवाको उत्पादन तथा विक्री वितरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको विजनेस इन्क्यूवेसन सेन्टर स्थापना, सञ्चालनमा सहयोग तथा प्रविधि खरिद कार्यक्रम सम्झनु पर्छ।

(ग) "गतिप्रदायक (एक्सिलेरेटर)" भन्नाले व्यवसाय सञ्चालन गरिसकेका उद्यमी मध्येबाट भविष्यमा तीव्र वृद्धिको सम्भावना भएका उद्यमीलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराई गतिवान बनाउने कार्य सम्झनु पर्छ।

(घ) "नवउद्यम" भन्नाले सुरुवाती चरणको वस्तु वा सेवा उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी उच्च वृद्धिको सम्भावना रहेको स्टार्टअप उद्यमलाई सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(च) "प्रशिक्षक (मेन्टर)" भन्नाले सम्बन्धित विषयको विज्ञ सम्झनु पर्छ र सो शब्दले कार्यक्रमका प्रशिक्षार्थी एवम् उद्यमीलाई प्रशिक्षित गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(छ) "प्रशिक्षार्थी उद्यमी" भन्नाले कार्यक्रम अन्तर्गत सेवा प्राप्त गर्नको लागि छनौट भएका नवउद्यमी सम्झनु पर्छ।

(ज) “पिच” भन्नाले कुनै सोच, विचार, परियोजना वा उत्पादनलाई स्वीकार गर्न विज्ञ, लगानीकर्ता, ग्राहक वा सरोकारवालालाई लगानीको लागि विश्वस्त गराउने उद्देश्यले गरिएको प्रस्तुति वा प्रस्ताव सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा ४ बमोजिमको बिजनेश इन्क्युवेसन सेन्टर सञ्चालक समिति सम्झनु पर्छ।

(ट) "साझेदार संस्था" भन्नाले सेन्टर सञ्चालन तथा व्यवस्थापनका लागि छनौट गरिएको सरकारी, प्राज्ञिक तथा तालिम प्रदान गर्ने उद्देश्यले स्थापित निजी, सहकारी वा गैरसरकारी संस्था सम्झनु पर्छ।

(ठ) "सेन्टर" भन्नाले नवीन तथा सिर्जनशील सोचको आधारमा उद्यम गर्न चाहने नवउद्यमी एवम् गतिप्रदायकलाई आवश्यक पर्ने विषयमा प्रशिक्षण तथा परामर्श एवम् उद्यमशीलता पर्यावरणसँग सम्बन्धित सेवा उपलब्ध गराउन स्थापना भएको बिजनेस इन्क्युवेसन सेन्टर सम्झनु पर्छ।

(ड) “संस्था” भन्नाले औद्योगिक व्यवसाय ऐन बमोजिम उद्यम वा उद्योग सञ्चालन गर्ने गर्ने उद्देश्यले स्थापना भएको उद्योग, फर्म वा कम्पनीलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## सेन्टरको स्थापना, सञ्चालन सम्बन्धी व्यवस्था

३. बिजनेस इन्क्युवेसन सेन्टर स्थापना र सञ्चालन: (१) यस कार्यविधि बमोजिम मन्त्रालयले आफै वा अन्य व्यवस्थापन साझेदार संस्थासँगको साझेदारीमा बिजनेस इन्क्युवेसन सेन्टरको स्थापना तथा सञ्चालन गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेन्टर सञ्चालन गर्न मन्त्रालयले विश्वविद्यालय वा शैक्षिक संस्था वा निजी क्षेत्रका कम्पनी वा संघ/संस्थाबाट स्थापना भई सञ्चालनमा रहेका वा सञ्चालन गर्ने प्रस्ताव गरेका सेन्टरमार्फत सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको मन्त्रालय सँगको सहकार्य वा साझेदारीमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न चाहने साझेदार संस्थाले देहाय बमोजिमको पूर्वाधार भएको सेन्टरको स्थापना गर्नु पर्नेछः-

(क) कार्य सञ्चालनका लागि आवश्यक सामग्री तथा फर्निचर सहितको कार्यालय स्थल, सहयोग कक्ष, तालिम कक्ष, बैठक कक्ष र पार्किङ स्थल,

(ख) केन्द्र व्यवस्थापक एवम् मेन्टर, विद्युतीय उपकरणहरू (कम्प्युटर, कलर प्रिन्टर, फोटोकपी, स्क्यानर, प्रोजेक्टर),

(ग) द्रुतगतिको इन्टरनेटको व्यवस्था,

(घ) सेन्टरले प्रवाह गर्ने सेवाको प्रकृतिको आधारमा आवश्यक हुने अन्य उपकरणहरू।

(४) मन्त्रालयले उपदफा (३) बमोजिम सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने साझेदार संस्थालाई देहाय बमोजिमका सेवाहरू उपलब्ध गराउन सहकार्य वा साझेदारी गर्न सक्नेछः-

(क) उद्यमशीलता तालिम, सीप विकास तालिम, कोचिङ, मेन्टरिङ, परामर्श सेवा र अवलोकन भ्रमण,

(ख) उद्यम व्यवसायको सञ्जालमा आवद्ध गर्न सहजीकरण गर्ने,

(ग) प्रशिक्षार्थी उद्यमीका लागि व्यावसायिक योजनाको विकास तथा व्यवसायिक योजना नियमित समीक्षा गर्न सहयोग गर्ने,

(घ) नविन तथा सिर्जनशील सोच भएकालाई नयाँ बस्तु वा सेवाको विकास गर्न सहयोग गर्ने,

(ङ) व्यवसाय दर्ता तथा औद्योगिक सम्पत्ति दर्ता सम्बन्धी सल्लाह, सुझाव तथा सहजीकरण सेवा उपलब्ध गराउने,

(च) कानूनी तथा वित्तीय परामर्श सेवा उपलब्ध गराई लगानीको स्रोत पहिचान गर्न सहयोग गर्ने,

(छ) नियमित रुपमा पिचिङ सेसन (व्यवसायिक प्रस्ताव) सञ्चालन गर्ने।

(५) उपदफा (४) बमोजिमको सेवाका लागि सेन्टरले बिजनेस इन्क्युवेसन समितिले निर्धारण गरे बमोजिमको शुल्क लिन सक्नेछ।

४. <u>समिति सम्बन्धी व्यवस्था</u>: (१) दफा ३ बमोजिमको सेन्टर सञ्चालन गरी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि समन्वय, सहजिकरण तथा आवश्यक निर्देशन दिन देहाय बमोजिमको बिजनेस इन्क्युवेसन सेन्टर सञ्चालक समिति रहनेछः-

(क) सचिव, उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय -संयोजक

(ख) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय (उपसचिव स्तर) -सदस्य

(ग) सेवा सञ्चालन तथा व्यवस्थापनमा सहकार्य वा साझेदारी गर्ने प्राज्ञिक वा निजी क्षेत्रका संघ/संस्थाका प्रतिनिधि मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य

(घ) मन्त्रालयले तोकेको उद्यमशीलता तथा नवप्रवर्तनको क्षेत्रमा काम गरेको विज्ञ प्रतिनिधि -सदस्य

(ङ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को कर्णाली प्रदेश कार्यालयको प्रतितनिधि -सदस्य

(च) मन्त्रालयको उद्यम हेर्ने महाशाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको हकमा सेन्टर स्थापनाका लागि साझेदार संस्था छनौट नभएको अवस्थामा प्रदेश राजधानी स्थित विश्व विद्यालयको बिजनेश इन्क्युबेशन सेन्टरको प्रतिनिधि, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयको निर्देशक समितिको सदस्यका रुपमा रहने छन्।

(४) समितिको सचिवालय मन्त्रालयको उद्योग सम्बन्धी विषय हेर्ने महाशाखामा रहनेछ।

५. **<u>समितिको काम र कर्तव्य</u>**: समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) सेन्टरको स्थापना, सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्ने,

(ख) सेन्टरको सञ्चालन तथा व्यवस्थापनका लागि स्रोत परिचालनको क्षेत्र पहिचान एवम् सिफारिस गर्ने,

(ग) साझेदार संस्था छनौट सम्बन्धी कार्य गर्ने,

(घ) छनौट भएका साझेदार संस्थाको सहभागितामा सेन्टरको सञ्चालन तथा व्यवस्थापन गर्न सहजीकरण गर्ने,

(ङ) प्रशिक्षार्थी उद्यमीको उद्यम सुरुवात गर्न, गतिप्रदायकलाई गतिवान गर्न र नवउद्यमलाई स्तरोन्नति गर्नको लागि आर्थिक स्रोत परिचालनका लागि आवश्यक सहयोग र समन्वय गर्ने,

(च) सरकारी निकाय, प्राज्ञिक संस्था, निजी क्षेत्र र सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(छ) प्रशिक्षार्थी उद्यमीले सेन्टरको सेवा लिएबापत तिर्नुपर्ने शुल्क निर्धारण गर्ने,

(ज) अनुगमन तथा मूल्याङ्कन गर्ने,

(झ) अन्य आवश्यक कार्यहरू गर्ने।

## परिच्छेद-३

## <u>साझेदार संस्था छनौटका लागि प्रस्ताव आव्हान, प्रस्ताव मूल्याङ्कन र सम्झौता</u>

६. **<u>प्रस्ताव आव्हान गर्ने</u>**: (१) सेन्टर सञ्चालन गर्न इच्छुक साझेदार संस्था छनौटका लागि मन्त्रालयले कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिका वा विद्युतीय माध्यमबाट सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आव्हान गरिएको प्रस्ताव मन्त्रालयको वेवसाइट प्रकाशित गरी मन्त्रालयको सूचना पार्टीमा समेत टाँस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रकाशन गर्ने सूचनाको ढाँचा अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

७. **<u>प्रस्ताव पेश गर्नु पर्ने</u>**: (१) यस कार्यविधि बमोजिम सेन्टर सञ्चालन गर्न पूर्वाधार भएका साझेदार संस्थाले दफा ६ बमोजिमको सूचनाको अवधिभित्र देहायका कागजात संलग्न गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) संस्था स्थापना वा दर्ता सम्बन्धी कागजात,

(ख) संस्थाको ऐन, विधान वा प्रवन्धपत्र वा नियमावलीको प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बरको प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) सेन्टर सञ्चालनको लागि अनुसूची-३ बमोजिमको कबुलियतनामा,

(ङ) दफा (३) को उपदफा (३) बमोजिम पूर्वाधारको विवरण।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव विद्युतीय माध्यमवाट समेत पेश गर्न सक्ने गरी व्यवस्था मिलाउन सकिनेछ।

८. <u>प्रस्ताव मूल्याङ्कन तथा प्रस्ताव मूल्याङ्कनका आधारः</u> (१) दफा ७ बमोजिम पेश हुन आएका प्रस्तावको मूल्याङ्कन गर्न समितिको सिफारिसमा मन्त्रालयले मन्त्रालयको उपसचिवस्तरको कर्मचारीको संयोजकत्वमा उद्यमशिलता तथा नवप्रवर्तन क्षेत्रमा काम गरेका विषयविज्ञ समेतको सहभागिता रहेन गरी एक प्रस्ताव मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको गठन भएको समितिले मूल्याङ्कन गर्ने प्रयोजनको लागि मन्त्रालयका अधिकृत, विषयसँग सम्बन्धित विषयविज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको प्रस्ताव मूल्याङ्कन समितिले देहायका विषयमा आधारित भई अनुसूची-४ बमोजिमको अङ्कभारको आधारमा मूल्याङ्कन गर्नु पर्नेछः-

(क) नवीन एवम् सृजनशिल सोच तथा सोचलाई उद्यमशिलता विकासमा रुपान्तरण गरेको अनुभव,

(ख) विषयविज्ञ एवम् दक्ष जनशक्तिको उपलब्धता र योग्यता,

(ग) सेवाका लागि स्थापित सेन्टरमा भौतिक पूर्वाधारको उपलब्धता,

(घ) साझेदार संस्थामा विषयविज्ञको प्रतिनिधित्व,

(ङ) अपेक्षित उपलब्धी एवम् जोखिकको विश्लेषण,

(च) सेन्टर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रस्ताव तथा कार्ययोजना र प्रस्तुतीकरणको मूल्याङ्कन।

(२) उपदफा (१) बमोजिम गठन भएको प्रस्ताव मूल्याङ्कन समितिले साझेदारीका लागि प्रस्ताव पेश गरेका संस्थाको प्रस्तावको विवरण सम्बन्धमा आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी मूल्याङ्कन कार्यलाई थप वस्तुगत बनाउन सक्नेछ।

९. <u>प्रस्ताव छनौटः</u> (१) दफा ८ बमोजिम गठित प्रस्ताव मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव अध्ययन गरी न्यूनतम मापदण्ड पूरा गरेको साझेदार संस्थाको प्रारम्भिक सूची तयार गरी प्रारम्भिक सूचीमा सूचिकृत प्रस्तावलाई दफा ८ बमोजिम मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकलाई सेन्टर सञ्चालन तथा व्यवस्थापनका लागि साझेदार संस्थाको रुपमा छनौट हुने आधार सहितको सूची समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूची पेश गर्दा सेन्टर सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयले साझेदार संस्थासँग गर्ने लागत साझेदारीको रकम समेत निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएको सूची र उपदफा (२) बमोजिमको सिफारिस समेतको आधारमा समितिले आफ्नो राय सहित स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नेछ र

त्यसरी पेश भएकोमा मन्त्रालयले स्वीकृत बजेट तथा कार्यक्रम समेतको आधारमा स्वीकृत गर्नेछ।

(४) मन्त्रालयले उपदफा (३) बमोजिम स्वीकृत भएको प्रस्ताव सम्बद्ध साझेदार संस्थालाई जानकारी दिई सात दिनभित्र अनुसूचि-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(५) मन्त्रालय र उपदफा (४) बमोजिम प्रस्ताव स्वीकृत भएको साझेदार संस्थाबीच गरिने सम्झौतामा अन्य कुरामा अतिरिक्त देहायका कुरा उल्लेख गर्नु पर्नेछः-

(क) सेन्टर र साझेदार संस्थाको जिम्मेवारी, आचार संहिता तथा नियमहरूको विवरण र पालना गर्नुपर्ने शर्तहरू,

(ख) साझेदार संस्थाको लागत साझेदारी प्रदान गर्ने प्रक्रिया,

(ग) प्रतिवेदन पेश गर्ने प्रक्रिया र माध्यम,

(घ) समझदारीको कार्यान्वयनमा द्विविधा भएमा सोको समाधानको प्रक्रिया,

(ङ) कार्यक्रम सञ्चालनका लागि अन्य आवश्यक बिषयहरू।

(६) उपदफा (६) बमोजिमको अवधि भित्र सम्झौता गर्न नआउने प्रस्तावकको प्रस्ताव स्वतः रद्द भएको मानिनेछ।

१०. <u>साझेदार संस्थाको काम र कर्तव्य</u>ः दफा ९ बमोजिम छनौट भएका साझेदार संस्थाको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) प्रशिक्षार्थी उद्यमी छनौट गरी उद्यमशीलता तथा सीप विकास कार्यक्रम सञ्चालन गर्ने,

(ख) प्रशिक्षकको लागि प्रशिक्षण (मेन्टरसीप विकास) सञ्चालन गर्ने,

(ग) कार्यक्रममा सहभागीलाई आवश्यकतानुसार परामर्श र सहयोग उपलब्ध गराउने,

(घ) वित्त तथा बजार पहुँचमा सहजीकरण गर्ने,

(ङ) अनुसन्धान तथा विकासको कार्य गर्ने,

(च) उद्यमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) सरकारी, निजी, सहकारी तथा प्राज्ञिक संस्थासँग सहकार्य र समन्वय गर्ने,

(ज) सेन्टरको प्रशासनिक कार्य गर्ने,

(झ) अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद-४

## <u>प्रशिक्षार्थी उद्यमी छनोट तथा सम्झौता</u>

११. <u>प्रस्ताव आव्हान सम्बन्धी व्यवस्था</u>ः (१) साझेदार संस्थाले प्रशिक्षार्थी उद्यमी छनौट गर्न कम्तीमा पन्ध्र दिनको अवधी दिई अनुसूची-६ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान भएकोमा सो सूचना बमोजिम प्रशिक्षण लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी कार्ययोजना सहितको व्यवसायिक योजना र अनुसूची-७ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रमाणपत्र,

(ख) आफूले गर्न चाहेको उद्यमको नवीन एवम् सिर्जनशिल सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको स्किम/ व्यावसायिक योजना),

(ग) दफा १४ मा उल्लिखित आचरण पालना गर्ने स्वःघोषणा

(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी (यदि स्थायी लेखा नम्बर लिएको भए)

(ङ) संस्था दर्ताको प्रमाणपत्र (यदि संस्था वा कम्पनी दर्ता भएमा)।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव विद्युतीय माध्यमवाट समेत पेश गर्न आव्हान गर्न सकिनेछ।

१२. <u>प्रस्ताव मूल्याङ्कनः</u> दफा ११ बमोजिम पेश हुन आएका प्रस्तावको दफा ८ बमोजिमको गठन भएको समितिले देहायको आधारमा र अनुसूची-८ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ :-

(क) प्रशिक्षार्थी उद्यमीको विवरण र स्थायी ठेगाना,

(ख) प्रशिक्षार्थी उद्यमीको व्यवसाय,

(ग) प्रशिक्षार्थी उद्यमीको दक्षता तथा योग्यता,

(घ) प्रशिक्षार्थी उद्यमीले पेश गरेको प्रस्ताव तथा कार्ययोजना र कार्ययोजनाको प्रस्तुतीकरण,

(ङ) प्रविधिको अवलम्बन,

(च) स्तरोन्नतीको सम्भावना,

(छ) सम्भावित उपभोक्तालाई प्राप्त हुन सक्ने वस्तु वा सेवा।

१३. <u>प्रशिक्षार्थी उद्यमी छनौट तथा सम्झौताः</u> (१) दफा ११ बमोजिम प्राप्त प्रस्ताव दफा १२ बमोजिम मूल्याङ्कन गरी सेन्टरले न्यूनतम मापदण्ड पुरा गरेका सबै भन्दा बढि अङ्क प्राप्त गर्ने प्रस्तावकहरुलाई प्रशिक्षार्थी उद्यमीका रुपमा छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको छनौट भएका प्रशिक्षार्थीको नाम र वैकल्पिक सूची मन्त्रालयलाई जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम छनौट भएको प्रशिक्षार्थी उद्यमीलाई सेन्टरले सोको जानकारी दिई सम्पर्क गर्न आउनको लागि सात दिनको अवधि दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम छनौट भएका प्रशिक्षार्थी उद्यमीसँग सेन्टरले प्रस्ताव स्वीकृत भएको मितिले सात दिनभित्र सम्झौता गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम साझेदार संस्था र प्रशिक्षार्थी उद्यमीबीच गरिने सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुरा उल्लेख गर्नु पर्नेछ :-

(क) सेन्टरमा भर्ना भई प्रशिक्षार्थी उद्यमीको रूपमा रहने अवधि बढीमा दुई वर्ष,

(ख) प्रशिक्षार्थी उद्यमीले पाउने सेवा तथा उपयोग गर्ने भौतिक सुविधाको विवरण,

(ग) प्रशिक्षार्थीले तिर्नुपर्ने शुल्क वा छुट सम्बन्धी विवरण,

(घ) आचारसंहिता तथा प्रशिक्षार्थीले पालना गर्नुपर्ने नियमको विवरण,

(ङ) सम्झौता पालना नभएमा हुने दण्ड, सजाय सम्बन्धी व्यवस्था,

(च) सम्झौतामा कार्यान्वयनमा द्विविधा वा विवाद उत्पन्न भएमा आपसी सहमतिमा समस्या समाधान गर्नुपर्ने विषय,

(छ) अन्य आवश्यक विषय।

१४. <u>प्रशिक्षार्थी उद्यमीले पालना गर्नु पर्ने आचरण</u>ः प्रशिक्षार्थी उद्यमीको रुपमा छनौट भई सेवा लिनका लागि छनोट भएका प्रस्तावकले देहाय बमोजिमका आचरण पालना गर्नु पर्नेछः-

(क) प्रशिक्षार्थी उद्यमीले कार्यक्रम अवधिभर सेन्टरबाट निर्धारित समय पालना गर्ने र तोकिए बमोजिम उपस्थित हुने,

(ख) कार्यक्रम र सेन्टरमा उपलब्ध पूर्वाधार, सेवा, सुविधाको संरक्षण तथा सम्भार गर्ने,

(ग) कार्यक्रम र सेन्टरबाट प्राप्त हुने सेवा, सुविधाको प्रस्तावित उद्यम सफल बनाउन उपयोग गर्ने,

(घ) प्रशिक्षक, सल्लाहकार, लगानीकर्ता र अन्य नवउद्यमीहरूसँग शिष्ट व्यवहार गर्ने,

(ङ) कार्यक्रम अवधि तथा सेन्टरमा जातीय, धार्मिक, साम्प्रदायिक एवम् राजनीतिक विषयमा कुनै छलफल वा गतिविधि गर्न नहुने,

(च) सेन्टरद्वारा उपलब्ध गराइएका पूर्वाधार, सेवा र सुविधाको संरक्षण तथा अधिकतम उपयोग गर्ने,

(छ) कार्यक्रममा सहभागी भए पश्चात मनासिव कारणबाहेक बीचमा छोड्न नहुने,

(ज) व्यावसायिक प्रगति, प्रमुख उपलब्धि र व्यवस्थापनमा सामना गरिएका चुनौतीबारे सेन्टर व्यवस्थापनलाई आवश्यकता अनुसार प्रतिवेदन पेश गर्ने,

(झ) कार्यक्रमद्वारा तय गरिएका नियम तथा कार्यतालिकाको पालना गर्ने,

(ञ) कार्यक्रम अवधि वा सेन्टर परिसरमा प्रर्दशन, हडताल, थुनछेक, घेराउ, नारा जुलुसजस्ता गतिविधि गर्न नपाइने,

(ट) कार्यक्रम वा सेन्टरको काम कारवाही सम्बन्धमा कुनै सुझाव वा गुनासो भए समितिलाई जानकारी गराउनु पर्ने।

## परिच्छेद-५

## <u>विविध</u>

१५. <u>कार्यविधिलाई आधार लिन सक्नेः</u> (१) यस कार्यविधि बमोजिम साझेदारीमा सेवाको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न छनौट भएका साझेदार संस्थाले सेन्टर सञ्चालन सम्बन्धी भौतिक लगायतका पूर्वाधार निर्माण, सेवा सम्बद्ध मापदण्ड तथा प्रशिक्षार्थी उद्यमी छनौट तथा सम्झौता सम्बन्धी व्यवस्था गर्दा यस कार्यविधिलाई आधार लिन सक्नेछ।

१६. <u>दोहोरो सुविधा लिन नपाउनेः</u> यस कार्यविधि बमोजिमको सुविधा प्राप्त गर्ने उद्यमीले पुनः सोही सुविधा लिन पाउनेछैन।

१७. **प्रतिवेदनः** यस कार्यविधि बमोजिम भएका कार्यको प्रगति अर्धवार्षिक रूपमा साझेदार संस्थाले मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१८. **अनुगमन**ः मन्त्रालयले सेन्टरले सञ्चालन गरेका कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण दिन सक्नेछ।

१९. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची- १
## (दफा ६ सँग सम्बन्धित)
## प्रस्ताव आह्वानको सूचना

आर्थिक वर्ष............ मा बिजनेस इन्क्युवेसन सेन्टर सञ्चालन तथा व्यवस्थापनका लागि साझेदारको रूपमा कार्य गर्न सरकारी, प्राज्ञिक, निजी क्षेत्रका संघसँस्थालाई दफा ७ बमोजिमका कागजात संलग्न राखी पन्ध्र दिनभित्र (कार्यालयको नाम) मा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरूलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

तपसिल

(क) संस्था दर्ता प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि,

(ख) संस्थाको विधान वा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बरको प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) अनुसूची-३ बमोजिमको कबुलियतनामा,

(ङ) दफा ३ को उपदफा (३) बमोजिमको पूर्वाधारको विवरण,

अनुसूची २

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

<u>बिजनेश इन्क्युवेसन सेन्टर सञ्चालनको लागि प्रस्तावको ढाँचा</u>

मिति :

श्री ..................

विषयः **<u>बिजनेस इन्क्युवेसन कार्यक्रम सञ्चालन बारे।</u>**

श्रीमान्,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति ........ को सूचनामार्फत कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि साझेदार छनोट सम्बन्धमा आह्वान गरिएको सूचनाबमोजिम व्यावसायिक प्रस्ताव तथा आवश्यक अन्य कागजातहरू यसैसाथ संलग्न राखी साझेदार संस्थाको रूपमा काम गर्न इच्छुक भई यो निवेदन पेश गरिएको छ।

निवेदकको

नाम :

पद :

संस्थाको नाम :

दस्तखत :

मिति :

ठेगाना :

मोबाइल नं. :

इमेल :

**संलग्न कागजातहरू (समावेश भएका कागजातहरूमा√ चिह्न लगाउने)**

| क्र.सं. | विवरण | भए/नभएको चिन्ह लगाउने |
|---|---|---|
| १ | संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि(नवीकरणसहित) | |
| २ | संस्थाको विधान वा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि | |
| ३ | स्थायी लेखा नम्बर प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि | |
| ४ | अनुसूची ३ बमोजिमको कवुलियतनामा, | |
| ५ | दफा ३ को उपदफा (३) बमोजिम पूर्वाधारको विवरण | |

## अनुसूची -३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>कर्णाली प्रदेश उद्यम संवर्धन सेन्टर सञ्चालनका लागि साझेदार संस्थाले गरेको कबुलियतनामा</u>**

आ.व.......... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार त्यस कार्यालयले मिति......... मा प्रकाशन गरेको सूचना अनुसार.......... कार्यक्रममा साझेदार संस्थाको रूपमा काम गर्नका लागि व्यावसायिक कार्ययोजना सहितको आवेदन पेस गरेको छु/छौं। उक्त कार्यक्रममा छनोट भएमा व्यावसायिक कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी उक्त योजनामा आधारित उत्पादन वा सेवाजन्य क्रियाकलापहरू निर्धारित नीति नियम र तोकिएको शर्तहरू बमोजिम निरन्तर रूपमा सञ्चालन गर्नेछु/छौं। सेन्टर मार्फत सहयोग स्वरूप प्राप्त भएको कुनै पनि अनुदान, ऋण, परामर्श लगायतका सुविधाहरूलाई व्यावसायिक कार्ययोजनामा तोकिएकै क्षेत्रमा मात्र उपयोग गर्नेछु/छौं। यसअघि........ ले कुनै सरकारी निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको/प्राप्त गरी दुरुपयोग नगरेको र सञ्चालित क्रियाकलापहरूबाट वातावरणलाई कुनै हानिनोक्सानी नपुर्‍याई स्वच्छ उत्पादन प्रणाली अपनाउँदै आएको र पछि पनि अपनाउने व्यहोरासमेत कबुलियत गर्दै जानकारी गराउन चाहन्छु/छौं। साथै प्रस्तावक छनोट भई सहयोग प्राप्त गरेको अवस्थामा निरन्तर सेवा सञ्चालन गर्ने कुरामा समेत प्रतिबद्धता व्यक्त गर्दछु/छौं। छनोट भई समझदारीपत्रमा हस्ताक्षर समेत गरिसके पश्चात् केन्द्र सञ्चालन नगर्ने नगराउने भनी कुनै पनि किसिमको व्यवधान उत्पन्न हुन नदिने र त्यसो गरी गराएमा सहयोग वा साझेदारीको रकम बराबरको क्षतिपूर्ति कानुनबमोजिम तिर्न बुझाउनसमेत कबुल गर्दै यो कबुलियतनामा गर्दछु/छौं। यस कबुलियतनामामा लेखिएको व्यहोरा ठिक साँचो हो र कबुलअनुरूपको कार्य नगरेमा प्रचलित कानुनले निर्धारण गरेबमोजिम सहुँला, बुझाउँला।

इति संवत् २०८.... साल .... महिना रोज शुभम् ....।

कबुलियत गर्ने संस्था प्रमुखको
नाम :
दस्तखत :
पद :
मिति :
संस्थाको नाम :
ठेगाना :
मोबाइल नं. :
इमेल :
औंठाछापः

अनुसूची-४

(दफा ८ सँग सम्बन्धित)

**साझेदार संस्था छनोटका लागि मूल्याङ्कनका आधार**

| क्र.सं. | | मूल्याङ्कनका आधार | पूर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|---|
| १ | नवीन एवम् सिर्जनशील सोच तथा सोचलाई उद्यमशीलता विकासमा रुपान्तरण गरेको अनुभव | | २० | |
| १.१ | नवीन एवम् सिर्जनशील सोच | | ५ | |
| | क | उदीयमान अवधारणालाई अङ्गीकार गरेको-३ | | |
| | ख | नविनतम सोच तथा प्रविधि अवलम्बन गरेको-५ | | |
| १.२ | नवीनतम सोचलाई उद्यमशीलता विकासमा रुपान्तरण गरेको अनुभव | | १५ | |
| | क | ३ वर्षभन्दा बढी अनुभव भए-१५ | | |
| | ख | २ देखि ३ वर्षसम्म अनुभव भए - १० | | |
| | ग | १ देखि २ वर्षसम्म अनुभव भए -७ | | |
| २ | विषय विज्ञ एवम् दक्ष जनशक्तिको उपलब्धता तथा योग्यता | | २० | |
| २.१ | विज्ञ जनशक्तिको उपलब्धता | | | |
| | क | सम्बन्धित विषयमा ५ जनाभन्दा बढी विज्ञ जनशक्ति भए १० | | |
| | ख | सम्बन्धित विषयमा ३ देखि ५ जना विज्ञ जनशक्ति भए-५ | | |
| | ग | ग सम्बन्धित विषयमा ३ जनाभन्दा कम विज्ञ जनशक्ति भए-३ | | |
| २.२ | विज्ञ जनशक्ति सम्बद्ध अन्य योग्यता | | १० | |
| | क | उद्यमशीलता वा वाणिज्यशास्त्र वा अर्थशास्त्रमा कम्तीमा स्नातक तहको जनशक्ति-२ | | |
| | ख | प्रशिक्षक तथा गतिप्रदायकको उपलब्धता - २ | | |
| | ग | व्यवसाय दर्ता तथा प्रशासनसम्बन्धी ज्ञान भएको जनशक्ति-२ | | |
| | घ | बौद्धिक सम्पत्ति, कानून, लेखा तथा वित्त व्यवस्थापनको ज्ञान- २ | | |
| | ङ | सञ्चार, सीप तथा अन्तरवैयक्तिक सम्बन्ध राख सक्ने क्षमता- २ | | |
| ३ | सेवाका लागि स्थापित केन्द्रमा भौतिक पूर्वाधारको उपलब्धता | | २५ | |
| | क | १० र सो भन्दा बढी जनासम्मले काम गर्नसक्ने कार्यस्थल र १ जिबिपिएससम्मको इन्टरनेट सुविधा भए-२५ | | |
| | ख | ५ देखि ९ जनासम्मले काम गर्नसक्ने कार्यस्थल र ५०० एमबिपिएससम्मको इन्टरनेट सुविधा भए-२० | | |
| | ग | ५ जनाभन्दा कमले काम गर्न सक्ने कार्यस्थल र २५० एमबिपिएससम्मको इन्टरनेट सुविधा भए - १५ | | |
| ४ | साझेदार संस्थामा विषयविज्ञको प्रतिनिधित्व | | १० | |

| | | | | |
|---|---|---|---|---|
| | क | साझेदार संस्थाको आफ्नै विज्ञ भएमा १० | | |
| | ख | साझेदार संस्थाले करारमा लिने भएमा ७ | | |
| ५ | अपेक्षित उपलब्धी एवम् जोखिमको विश्लेषण | | ५ | |
| | क | परियोजनाको अपेक्षित परिणाम संलग्न गरेको-३ | | |
| | ख | वित्तीय जोखिम न्यूनीकरणको उपाय-२ | | |
| ६ | सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रस्ताव तथा कार्ययोजना र प्रस्तुतीकरणको मूल्याङ्कन | | २० | |
| ६.१ | सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रस्ताव तथा कार्ययोजना | | १५ | |
| | क | लक्षित स्टार्टअप सम्बद्ध प्रशिक्षार्थी संख्या-३ | | |
| | ख | सेवा सञ्चालनको दिगोपना कायम गर्ने योजना पेस गरेको-३ | | |
| | ग | लगानी र वित्तीय स्रोत परिचालनको योजना-३ | | |
| | घ | सफल व्यवसायको विवरण-३ | | |
| | ङ | कार्यक्रम कार्यान्वयनको कार्य योजना पेस गरेको-३ | | |
| ६.२ | कार्ययोजना प्रस्तुतीकरण | | ५ | |
| | क | परियोजना प्रतिको आत्मविश्वास-१ | | |
| | ख | परियोजना प्रस्तावमा संलग्न सूचना तथा विवरणको जानकारी भएमा-२ | | |
| | ग | परियोजनाको SWOT Analysis गरेको-२ | | |
| | | जम्मा | १०० | |

## अनुसूची -५
## (दफा ९ को उपदफा (४) सँग सम्बन्धित)
### कर्णाली प्रदेश उद्यम संवर्धन सेन्टर सञ्चालन गर्ने संस्था र साझेदार संस्थाबीचको सम्झौताको ढाँचा

लिखितम् …………(जसलाई यसपछि कर्णाली प्रदेश बिजनेस इन्क्युवेसन सेन्टर सञ्चालन गर्ने संस्था /मा दर्ता नं. …मा दर्ता कायम रही लिखितम् प्रथम पक्ष भनी सम्बोधन गरिनेछ) तथा स्थित (जसलाई यसपछि साझेदार संस्था / द्वितीय पक्ष भनी सम्बोधन गरिनेछ) का बीच कार्यक्रम सञ्चालन गर्नका लागि बिजनेस इन्क्युवेसन समितिको मिति को निर्णयानुसार उद्यम कार्यक्रम सञ्चालन गर्नका लागि प्रथम पक्षले ………. (स्थान)……. एवम् रु. ……………. रकम बराबरको जिन्सी सामानहरू उपलब्ध गर्ने गराउने र द्वितीय पक्षले कार्यक्रम सञ्चालन गर्ने गरी तपसिल बमोजिमका शर्त, बन्देज तथा दायित्वको अधीनमा रही कार्य गर्न सम्झौतापत्रमा सही छाप गरी १/१ प्रति बुझी लियौं-दियौं।

<u>शर्त बन्देज तथा दायित्वहरूः</u>

१. प्रथम पक्षले द्वितीय पक्षलाई कार्यक्रम सञ्चालन गर्नका लागि अधिकतम कार्य गरेवापत रु……… रकम वा जिन्सी उपलब्ध गराउनेछ।

२. द्वितीय पक्षले मिति……… भित्र कार्यक्रम सम्पन्न गरी सक्नुपर्नेछ। कार्य गुणस्तरीय हुनुपर्नेछ र प्राप्त गरेको रकम वा सुविधा वा सामाग्री वा अन्य सहयोग द्वितीय पक्षले आफूले सञ्चालन गर्ने केन्द्र निरन्तर सञ्चालन गर्नु गराउनु पर्नेछ।

३. प्रथम पक्षले कार्य सम्पादनको तोकिएबमोजिमको प्रगतिका आधारमा एकमुष्ट वा किस्ताबन्दीको रूपमा  लागत साझेदारीको रकम हस्तान्तरण गर्न सक्नेछ।

४. प्रथम पक्षले सम्पादित कार्यको समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

५. यस सम्झौतापत्रबमोजिम द्वितीय पक्षले काम सुरु नगरेमा वा काम सुरु गरी बिचमा छोडेमा वा कबुलियतबमोजिम काम नगरेमा प्रथम पक्षले यो सम्झौता भङ्ग गरी कानुनबमोजिम आवश्यक कारबाही गर्न गराउन सक्नेछ। यसरी सम्झौता भङ्ग गरिएमा द्वितीय पक्षले प्रथम किस्ता वा पेश्कीवापत कुनै रकम वा सुविधा वा सामाग्री वा अन्य सुविधा लिई सकेको भएमा सरकारी बाँकीसरह जुनसुकै तवरबाट असुल उपर गर्ने गरी नियमानुसार आवश्यक कारबाही गरिनेछ। यसरी बिचमा नै यो सम्झौता भङ्ग भएको अवस्थामा पनि सहयोग प्राप्त गरेको जिन्सी सामानहरू तोकिएको निकायलाई हस्तान्तरण गर्नुपर्नेछ ।

६. यो सम्झौता कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिबाट विवाद टुङ्गो लगाइनेछ र सहमतिबाट विवाद टुङ्ग्याउन नसकेमा प्रचलित नेपाल कानुनअनुसार हुनेछ।

७. कार्यक्रम कार्यान्वयन गर्ने कार्यतालिका प्रथम पक्षलाई द्वितीय पक्षले उपलब्ध गराउनुपर्नेछ। यस कार्यविधिअनुसार गरिने कार्यक्रमहरूमा उपरोक्त बमोजिमको कार्य तालिका अनिवार्य लागु हुनेछ।

८. प्रथम पक्षले कुनै कारणवस दोस्रो पक्षलाई सहयोग उपलब्ध गराउन नसक्ने भएमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी दिनेछ र सो सम्झौता स्वतः १ स्वतः भङ्ग हुनेछ ।

९ यस समझदारीपत्रमा उल्लेख भएका विषयहरू यसैबमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| प्रथम पक्ष | द्वितीय पक्ष |
| .................. | .......................... |
| (श्री..........) | (श्री...............) |
| प्रमुख | प्रमुख |

साक्षी

१)

२)

अनुसूची ६

(दफा ११ सँग सम्बन्धित)

**प्रशिक्षार्थी नव उद्यमीका लागि सूचनाको ढाँचा**

सूचना प्रकाशन मिति :

कर्णाली प्रदेश बिजनेस इन्क्युवेसन सेन्टर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम यस कार्यालयबाट सञ्चालन गरिने बिजनेस इन्क्युवेसन कार्यक्रममा सहभागी हुन इच्छुक नवउद्यमीले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र कर्णाली प्रदेश बिजनेस इन्क्युवेसन सेन्टर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची - ७ मा उल्लिखित ढाँचामा यस कार्यालयमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सम्बन्धी थप जानकारीको लागि कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरणा मन्त्रालयको वेवसाइट www. https://moitfe.karnali.gov.np/ मा उपलब्ध रहेको उद्यम सम्वर्द्धन सेन्टर सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ हेर्न सकिनेछ ।

आवेदनका साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणः

(क) नेपाली नागरिकताको प्रमाणपत्र

(ख) आफूले गर्न चाहेको उद्यमको नवीनतम सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको स्किम/व्यावसायिक योजना)

(ग) दफा १४ मा उल्लिखित आचरण पालना गर्ने स्वघोषणा

(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि

(ङ) संस्था दर्ताको प्रमाणपत्र (यदि संस्था वा कम्पनी दर्ता भएमा)

अनुसूची - ७

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**प्रशिक्षार्थी उद्यमीको लागि आवेदनको ढाँचा**

मिति :

विषय : प्रशिक्षार्थी उद्यमीमा सहभागी हुन पाउँ।

श्रीमान्,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति ......................को सूचना मार्फत प्रशिक्षार्थी उद्यमी छनोट उपरोक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति सम्बन्धमा आह्वान गरिएको सूचना बमोजिम व्यावसायिक योजना तथा आवश्यक अन्य कागजातहरू यसैसाथ संलग्न राखी प्रशिक्षार्थी उद्यमीको रूपमा काम गर्न इच्छुक भई यो निवेदन पेश गरेको छु।

आवेदकको

नाम :

दस्तखत :

मिति :

ठेगाना :

मोवाइल नं. :

इमेल :

संलग्न कागजातहरू (समावेश भएका कागजातहरूमा चिह्न लगाउने)

| क्र.सं. | विवरण | भए/नभएको चिन्ह लगाउने |
|---|---|---|
| १ | नेपालको नागरिकताको प्रमाणपत्र | |
| २ | आफूले गर्न चाहेको उद्यमको विस्तृत विवरण (स्किम/व्यवसायिक योजना) | |
| ३ | दफा १४ मा उल्लिखित आचरण पालना गर्ने स्वघोषणा | |
| ४ | स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी | |
| ५ | संस्था दर्ताको प्रमाणपत्र (यदी संस्था वा कम्पनी दर्ता भएमा) | |

अनुसूची – ८

(दफा १२ सँग सम्बन्धित)

<u>प्रशिक्षार्थी उद्यमीको मुल्याङ्कनका आधार</u>

| क्र.सं. | मूल्याङ्कनका आधार | | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | प्रशिक्षार्थी उद्यमीको विवरण र स्थायी ठेगाना | | १५ | |
| १.१ | प्रशिक्षार्थी उद्यमीको स्थायी ठेगाना | | १० | |
| | क | सेन्टर रहेको स्थानीय तह वा सम्बन्धित जिल्ला भित्रको – १० | | |
| | ख | सेन्टर रहेको प्रदेश र स्थानीय तह- ८ | | |
| | ग | अन्य प्रदेश वा स्थानीय तह -५ | | |
| १.२ | विविधता र समावेसी समूहमा पर्ने | | ५ | |
| २ | प्रशिक्षार्थी उद्यमीको व्यवासाय | | १० | |
| | क | व्यवसाय सञ्चालन गरेको -१० | | |
| | ख | व्यवसाय सञ्चालन गर्ने सोच बनाएको-५ | | |
| ३ | प्रशिक्षार्थी उद्यमीको दक्षता तथा योग्यता | | १५ | |
| | क | उद्यमशीलता वा वाणिज्यशास्त्र वा अर्थशास्त्रमा कम्तीमा स्नातक तहको योग्यता भएको-६ | | |
| | ख | व्यवसाय दर्ता तथा प्रशासनसम्बन्धी ज्ञान भएको-३ | | |
| | ग | बौद्धिक सम्पत्ति, कानून, लेखा तथा वित्त व्यवस्थापनको ज्ञान -३ | | |
| | घ | सञ्चार, सीप तथा अन्तरवैयक्तिक सम्बन्ध राख सक्ने क्षमता-३ | | |
| ४ | प्रशिक्षार्थी उद्यमीले पेश गरेको प्रस्ताव तथा कार्ययोजना र कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन | | २० | |
| ४.१ | प्रशिक्षार्थी उद्यमीले पेश गरेको प्रस्ताव तथा कार्ययोजना | | १५ | |
| | क | व्यवसायको दिगोपना कायम गर्ने योजना पेस गरेको-४ | | |
| | ख | उदीयमान अवधारणालाई अङ्गीकार गरेको -३ | | |
| | ग | लगानीको संभावित स्रोत समावेश गरेको-३ | | |
| | घ | वित्तीय जोखिमको न्यूनीकरणको योजना भएको-३ | | |
| | ङ | साझेदारीको योजना-२ | | |
| ४.२ | कार्ययोजनाको प्रस्तुतीकरण | | २० | |
| | क | परियोजना प्रतिको आत्मविश्वास - १ | | |
| | ख | परियोजना प्रस्तावमा संलग्न सूचना तथा विवरणको जानकारी भएमा-२ | | |
| | ग | परियोजनाको SWOT Analysis गरेको- २ | | |
| ५ | प्रविधिको अवलम्बन | | १५ | |
| | क | नयाँ प्रविधिको ज्ञान भएको-१० | | |
| | ख | आफैले प्रविधि विकास गर्ने क्षमता भएको-१५ | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | स्तरोन्नतीको सम्भावना | | १५ | |
| | क | तीव्र स्तर-१५ | | |
| | ख | सामान्य १० | | |
| ७ | सम्भावित उपभोक्तालाई प्राप्त हुन सक्ने वस्तु वा सेवा | | १० | |
| | क | वस्तु र सेवा दुवै -१० | | |
| | ख | कुनै एक -५ | | |
| | | जम्मा | १०० | |